प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, रोल्पा**

**प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७६/०८/२४ गते**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र रोल्पाको चालू आ.व. ०७६/७७ को स्विकृत आर्थिक कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रमहरु पशु सेवा संचालन कार्यविधि २०७६ बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक कृषक/व्यावसायीक फार्म/ समूह/दाना तथा साईलेज उत्पादन उद्योग/मासु व्यवसायी/दुग्ध व्यवसायी/ सहकारी संस्थाहरुले सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरि यस कार्यालय र पूर्वी रुकुमको सिस्ने गाउँपालिकाको पशु सेवा शाखामा प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैका लागी यो सूचना प्रकाशित गरिएको छ ।साथै रित नपुगेका वा म्याद नाघि प्राप्तहुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने सबैमा जानकारी गराईन्छ ।अन्य जानकारीको लागी यस केन्द्रको फोन नं.०८६४४०३३२/०८६४४००५६ वा सूचना अधिकारी छबिलाल घर्ति मगर ९८६२६३२५०२ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

| सि. नं. | कार्यक्रमको नाम | संख्या | अनुदान जम्मा बजेट रु | कार्यालयबाट लगानी हुने रकम रु. बढीमा | मापदण्ड |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपन्छीजन्य उद्योग, यन्त्र तथा पूर्वाधार विकास कार्यक्रम | | | | |
| | क) ट्याक्टर मेशिनमा सहयोग (५०% अनुदानमा) | १० | ५ लाख | ५० हजार प्रति ट्याक्टर मेशिन | |
| | ख) मासु तथा डेरी पसल सुधार सहयोग कार्यक्रम (५०% अनुदानमा) | १२ | २४ लाख | २ लाख प्रति डेरी/मासु पसल | मासु पसलका लागी दैनिक २५ के.जी. मासु र डेरीका लागी दैनिक २०० लिटर दुध वा सो बराबर दुग्ध पदार्थ बिक्रि बितरण गरेको हुनुपर्नेछ। |
| | ग) स्थानिय तहको सहकार्यमा एकिकृत फार्म स्थापना (५०% अनुदानमा) | २ | ४० लाख | २० लाख प्रति फार्म | कम्तीमा दुई पशुपंछी पालन गरिरहेको वा गर्न चाहेको हुनुपर्ने।<br>निबेदनको साथमा स्थानीय तहको ३५% र आवेदकले १५% वा आवेदक स्वयमले ५०% लगानीको सुनिश्चितताको प्रतिबद्धता पत्र अनिवार्य समावेश हुनुपर्नेछ । |
| २ | कृषि तथा पशुपन्छी स्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | | | | |
| | क) घाँसेवाली स्रोत केन्द्र स्थापना (५०% अनुदानमा) | १ | २० लाख | २० लाख | जग्गाको न्युनतम मापदण्ड क्षेत्रफल १० रोपनी हुनुपर्नेछ । |
| | ख) घाँस तथा दाना उत्पादनको लागि (मकै भटमास उत्पादन) कोपे अकोपे घाँस खेती तथा साइलोपिट निर्माण (५०% अनुदानमा) | १ | १० लाख | १० लाख | खेती गर्ने जग्गाको न्युनतम मापदण्ड कृषकको हकमा १० रोपनी र पशुपालन फार्मको हकमा ८० रोपनी तथा दाना तथा साईलेज उत्पादन उद्योग/सहकारीको हकमा १५० रोपनी क्षेत्रफल हुनुपर्दछ । |
| | ग) आहाराको लागि घाँसेवालीहरुको बीउ उत्पादन (कन्ट्र्याक्ट फर्मिङ) (५०% अनुदानमा) | १ | २ लाख | २ लाख | बीउ उत्पादनको लागी कृषकको हकमा ५रोपनी र पशुपालन फार्मको हकमा १५ रोपनी तथा समुह/समिती/सहकारीको हकमा २५ रोपनी क्षेत्रफल हुनुपर्दछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | पशुपन्छी विकास तथा पशु स्वास्थ्य नियमन कार्यक्रम | | | | |
| | क) आयमूलक पाडापालन (५०% अनुदानमा) | १ | ५ लाख | ५ लाख | कार्यक्रममा सहभागी हुने प्रस्तावकले सो विषयमा अनुभव भएको हुनुपर्ने । |
| | ख) आयआर्जनका लागि भेंडा / बाख्रापालन (८०% अनुदानमा) | २ | १२ लाख | ६ लाख प्रति भेंडा / बाख्रापालन | भेंडा/बाख्राको पकेट क्षेत्रलाई प्राथमिकता दिईनेछ । |
| ४ | कृषि उत्पादन,खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | | | | |
| | क) पोषण सुधारका लागी सुँगुर/बंगुरपालन (समुह/सहकारी/समिती/अन्य) (८०% अनुदानमा) | २ | १० लाख | ५ लाख प्रती सुँगुर/बंगुरपालन | प्रदेश नं.५ मुख्य मन्त्रि ग्रामिण बिकास कार्यक्रम लागु भएका स्थानिय तहहरुको समन्वयमा सिमान्तकृत समुदाय (दलित, मुक्तकमैया, महिलाहरुलाई बिशेष प्राथमिकता ) |
| | ख) पोषण सुधारका लागी स्थानीय कुखुरापालन (समुह/सहकारी/समिती/अन्य) (८०% अनुदानमा) | ५ | २५ | ५ लाख प्रती कुखुरापालन | प्रदेश नं.५ मुख्य मन्त्रि ग्रामिण बिकास कार्यक्रम लागु भएका स्थानिय तहहरुको समन्वयमा सिमान्तकृत समुदाय (दलित, मुक्तकमैया, महिलाहरुलाई बिशेष प्राथमिकता ) |

नोटः सूचना प्रकाशित भएको मिति भन्दा पछाडी दर्ता भएका फार्म/समुह/समिति/सहकारी/उद्योगहरुको आवेदन स्विकृत हुनेछैन।

## निवेदनका साथमा संलग्न हुनुपर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रतिलिपी
२. अनुसुचि २ अनुसारको ढाँचामा निवेदनरु १० को टिकट सहित
३. अनुसुचि ४ अनुसार बिस्तृत व्यावसायीक कार्ययोजना
४. जग्गाको स्वामित्व देखिने कागजात/भाडामा भए ५ बर्षको सम्झौता पत्रको प्रतिलिपि
५. प्रचलित कानुन बमोजिम दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
६. स्थायी लेखा नम्बर/भ्याट दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
७. प्रस्तावकले कम्तिमा ५०% लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र
८. निर्माणको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान
९. शैक्षिक योग्यता तालिम अनुभव तथा बैदेशिक रोजगारीबाट फर्केको प्रमाणित प्रतिलिपि
१०. बैंकको स्टेटमेन्ट वा बैंकको ऋण स्विकृत/प्रतिबद्धता पत्र
११. औजार उपकरण खरिदको हकमा कोटेशन

०५।२६

नि॰ कार्यालय प्रमुख